# नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राष्ट्रिय अनुसन्धान विभाग
# सिंहदरवार, काठमाडौं

## नेपाल विशेष सेवाको
### अनुसन्धान अधिकृत (राजपत्रांकित तृतीय श्रेणी सरह) र अनुसन्धान सहायक (राजपत्र अनंकित द्वितीय श्रेणी सरह)
## पदमा लोक सेवा आयोगबाट लिइने
## लिखित परीक्षा कार्यक्रम सम्बन्धी
## सूचना

**मितिः २०८०।०५।२४**

यस विभागको विज्ञापन नं. ०१/०७९/८० र ०२/०७९/८० अनुसार लोक सेवा आयोगबाट सञ्चालन हुने क्रमश: अनुसन्धान अधिकृत (राजपत्रांकित तृतीय श्रेणी सरह) र अनुसन्धान सहायक (राजपत्रांकित द्वितीय श्रेणी सरह) पदको लिखित परीक्षा कार्यक्रम देहायबमोजिम निर्धारण गरिएको हुँदा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै परीक्षा कार्यक्रम सम्बन्धी जानकारी लोक सेवा आयोगको वेभसाइटबाट समेत लिन सकिने व्यहोरा सम्बन्धित सवैलाई यसै सूचना मार्फत जानकारी गराइन्छ।

### १. अनुसन्धान अधिकृत पदको खुला र समावेशी प्रतियोगितात्मक लिखित परीक्षा कार्यक्रम :-

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद,सेवा, समूह, उपसमूह, श्रेणी | लिखित परीक्षा मिति र समय | | | उम्मेदवार संख्या | परीक्षा केन्द्र | रोल नं. | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चरण | द्वितीय चरण | | | | देखि | सम्म |
| | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | | | | |
| १ | ०१/०७९/८० | खुला तथा समावेशी | अनुसन्धान अधिकृत, विशेष, रा.प.तृतीय | २०८० असोज ३० गते दिनको २:०० बजे | २०८० मंसिर १८ गते दिनको १:०० बजे | २०८० मंसिर १९ गते दिनको १:०० बजे | १८३६ | परीक्षा केन्द्र पछी प्रकाशन हुनेछ। | ८०००१ | ८१८३६ |

### २. अनुसन्धान सहायक पदको खुला र समावेशी प्रतियोगितात्मक लिखित परीक्षा कार्यक्रम :-

| क्र. सं. | विज्ञापन नं. | किसिम | पद,सेवा, समूह, उपसमूह, श्रेणी | लिखित परीक्षा मिति र समय | | | उम्मेदवार संख्या | परीक्षा केन्द्र | रोल नं. | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चरण | द्वितीय चरण | | | | देखि | सम्म |
| | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | | | | |
| १ | ०२/०७९/८० | खुला तथा समावेशी | अनुसन्धान सहायक, विशेष, रा.प.अनं. द्वितीय | २०८० असोज २८ गते दिनको २:०० बजे | २०८० मंसिर २२ गते दिनको १:०० बजे | २०८० मंसिर २३ गते दिनको १:०० बजे | १६२८ | लोक सेवा आयोग धनकुटा कार्यालयले तोके बमोजिम हुनेछ। | १०००१ | ११६२८ |
| | | | | | | | २३१२ | लोक सेवा आयोग जलेश्वर कार्यालयले तोके बमोजिम हुनेछ। | २०००१ | २२३१२ |
| | | | | | | | २०५२ | लोक सेवा आयोग हेटौडा कार्यालयले तोके बमोजिम हुनेछ। | ३०००१ | ३२०५२ |
| | | | | | | | ५९७६ | लोक सेवा आयोग काठमाण्डौ कार्यालयले तोके बमोजिम हुनेछ। | ८०००१ | ८५९७६ |
| | | | | | | | ८०१ | लोक सेवा आयोग पोखरा कार्यालयले तोके बमोजिम हुनेछ। | ४०००१ | ४०८०१ |
| | | | | | | | १९७२ | लोक सेवा आयोग बुटवल कार्यालयले तोके बमोजिम हुनेछ। | ५०००१ | ५१९७२ |
| | | | | | | | ११८३ | लोक सेवा आयोग सुर्खेत कार्यालयले तोके बमोजिम हुनेछ। | ६०००१ | ६११८३ |
| | | | | | | | १२५९ | लोक सेवा आयोग महेन्द्रनगर कार्यालयले तोके बमोजिम हुनेछ। | ७०००१ | ७१२५९ |

## द्रष्टव्य :-

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ ।

२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा **प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा सञ्चालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै** परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।

३. परीक्षा भवनमा **झोला, मोबाइल फोन तथा अन्य इलेक्ट्रोनिक्स डिभाइसहरु लैजान निषेध** गरिएको छ ।

४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि **आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुने छैन ।

५. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter) मा **A, B, C, D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।

६. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेश पत्र संगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै **परिचयपत्र अनिवार्य** रुपमा लिई आउनु पर्नेछ ।

७. आयोगबाट जारी भएको **संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७** (तेस्रो संशोधन) को पालना गरी परीक्षा सञ्चालन गरिनेछ ।

८. प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारलाई मात्र द्वितीय चरणको परीक्षामा समावेश गराइनेछ ।

९. प्रथम चरणको लिखित परीक्षा **ओएमआर (OMR) पद्दति**बाट सञ्चालन हुनेछ ।

## कोभिड - १९ संक्रमणको समयमा सुरक्षित रहन परीक्षार्थीले ध्यान दिनुपर्ने थप विषयहरु

१. परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवारले **अनिवार्य रुपमा** मास्क लगाई आफ्नो प्रयोजनको लागि स्यानिटाइजर र खानेपानी समेत लिई आउनु पर्नेछ।

२. परीक्षार्थी परीक्षाको लागि तोकिएको समय भन्दा १ घण्टा अगावै परीक्षा केन्द्रमा आइपुग्नु पर्नेछ ।

३. परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा र शौचालय प्रयोग गर्नु पर्दा भिडभाड नगरिकन २ (दुई) मिटरको दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ ।

४. परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।

५. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ ।